का.जि.प्र.का.द.नं. १००/०५९/६०

२९ वैशाख २०८०,
शुक्रबार
12 May 2023,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १०६ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# रेशम छुटाउने विधेयक संसदमा



सरकारले मधेश-थरुहट आन्दोलनलगायत विभिन्न समूहसँग राजनीतिक सम्झौता गरेको छ । जहाँ रेशम चौधरीलाई लागेको मुद्दा फिर्ता लिन सकिने उल्लेख छ । यसका अलावा सरकारले डा. सिके राउत र विप्लव नेतृत्वको पार्टीसँग समेत सम्झौता गरेको छ ।



यसअघि कुनै राजनीतिक दल वा समूहलाई शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउनको लागि नेपाल सरकार र त्यस्तो राजनीतिक दल वा समूहबीच राजनीतिक प्रकृतिका सम्झौताको माध्यमबाट नेपाल सरकारवादी भई दायर भएका मुद्दा फिर्ता लिनेगरी भएको सहमति कार्यान्वयनलाई सहयोग पुग्नेगरी सम्बन्धित कानूनमा संशोधन गर्न लागिएको हो ।

■ **धनराज गुरुङ**
**कानून न्याय तथा संसदीय मामिला मन्त्री**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ वैशाख ।

सरकारले टीकापुर घटनामा दोषी ठहर भई कारागारमा रहेका रेशम चौधरीको मुद्दा फिर्ता लिने गरी कानून बनाउने तयारी गरेको छ । त्यसका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले केही नेपाल ऐन संशोधन विधेयक २०८० संघीय संसद सचिवालयमा दर्ता गरेको छ ।

कानून मन्त्रालयका अधिकारीहरुका अनुसार हिंसात्मक क्रियाकलाप गरिरहेका राजनीतिक समूहलाई शान्तिपूर्ण राजनीतिमा आउन सरकारसँग भएको सम्झौता कार्यान्वयनका लागि विधेयक ल्याइएको हो । विधेयक अनुसार नेपाल सरकार वादी भई चलेका मुद्दा फिर्ता लिन मिल्ने छ ।

यो विधेयकमा सरकारले मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ११६ मा एउटा बुँदा थप गर्न प्रस्ताव गरेको छ । जसमा शान्तिपूर्ण राजनीतिमा आउन सम्झौता गरेका दल वा समूहका नेता कार्यकर्ताविरुद्ध चलेका मुद्दा फिर्ता लिन सक्ने उल्लेख छ । केही नेपाल ऐन संशोधन विधेयकमार्फत सरकारले यस्तो प्रस्ताव गरेको हो । जुनसुकै तहको अदालतमा विचाराधीन रहेका मुद्दा फिर्ता लिन सकिने प्रस्ताव विधेयकमा छ ।

सरकारले पछिल्लो समयमा मधेश-थरुहट आन्दोलनलगायतका विभिन्न समूहसँग राजनीतिक सम्झौता गरेको छ । जहाँ रेशम चौधरीलाई लागेको मुद्दा फिर्ता लिन सकिने उल्लेख छ । यसका अलावा सरकारले डा. सिके राउत समूहसँग सम्झौता गरेको छ । संविधान जारी हुने पूर्वसन्ध्यामा भएका विभिन्न आन्दोलनरत समूहमा आबद्ध व्यक्तिका मुद्दा फिर्ता लिनेगरी पनि सहमति भएका छन् । प्रस्तावित विधेयक पारित भएमा त्यस्ता सम्झौता अनुसारका मुद्दा फिर्ता हुनेछन् ।

मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ११६ मा शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउन मुद्दा फिर्ता लिन सकिने व्यवस्था थप गरिएको छ ।

'राजनीतिक दल वा समूहबीच राजनीतिक प्रकृतिका सम्झौताको माध्यमबाट नेपाल सरकार वादी भई दायर भएका मुद्दा फिर्ता लिने गरी सहमति भएकोमा सम्झौताबमोजिम त्यस्ता राजनीतिक दल वा समूहका नेता तथा कार्यकर्ताविरुद्धका नेपाल सरकार वादी भई चलाइएका जुनसुकै मुद्दा जुनसुकै तहको अदालतमा विचाराधीन रहेको भए पनि फिर्ता लिन बाधा पर्ने छैन' प्रस्तावित विधेयकमा भनिएको छ ।

कानून न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङका अनुसार राजनीतिक प्रकृतिको सम्झौता कार्यान्वयनका लागि संहिता संशोधन गर्न लागिएको हो ।

उनी भन्छन्, 'यसअघि कुनै राजनीतिक दल वा समूहलाई शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउनको लागि नेपाल सरकार र त्यस्तो राजनीतिक दल वा समूहबीच राजनीतिक प्रकृतिका सम्झौताको माध्यमबाट नेपाल सरकार वादी भइ दायर भएका मुद्दा फिर्ता लिने गरी भएको सहमति कार्यान्वयनलाई सहयोग पुग्ने गरी सम्बन्धित कानूनमा संशोधन गर्न लागिएको हो ।'

# खाँणबारे अलमलमा कांग्रेस

नेताहरुका अनुसार, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा खाँणलाई तत्काल निलम्बन गर्नुपर्ने पक्षमा उभिएका थिए । तर कांग्रेस पदाधिकारी तथा पूर्वपदाधिकारी बैठक यो विषयमा निर्णयमा पुग्न सकेन ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २८ वैशाख ।


नेपाली कांग्रेसले नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेका पार्टीका केन्द्रीय सदस्य बालकृष्ण खाणलाई तत्काल कारबाही नगर्ने भएको छ । बिहीबार बसेको कांग्रेस पदाधिकारी तथा पूर्व पदाधिकारी बैठकले नभागेर खाणले अनुसन्धानमा सहयोग गरेको निष्कर्ष निकालेको हो ।

पदाधिकारी बैठकमा खाणलाई कारबाही गर्नुपर्ने आवाज उठेको थियो । नेताहरुका अनुसार महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा खाँणलाई तत्काल निलम्बन गर्नुपर्ने पक्षमा उभिएका थिए । तर, यो विषयमा निर्णय हुन सकेन । बुधबार खाँण पक्राउ परेपछि कांग्रेस सभापति शेरबहादुर देउवाले पार्टीका शीर्ष नेताहरुलाई छलफलमा बोलाएर छलफल गरेका थिए । उक्त छलफलमा समेत खाँणलाई पार्टी जिम्मेवारीबाट निलम्बन गर्ने कि नगर्ने विषयमा छलफल भएको थियो ।

दुई दिनको छलफलका आधारमा कांग्रेस पदाधिकारी तथा पूर्व पदाधिकारी बैठकले अदालतको फैसलापछि मात्र बालकृष्ण खाणबारे निर्णय लिनु उचित हुने निष्कर्ष निकालेको हो । कांग्रेस सहमहामन्त्री जीवन परियारका अनुसार पूर्व गृहमन्त्री समेत रहेका खाणलाई पार्टीको केन्द्रीय सदस्यबाट निलम्बन गर्न विषयमा सामान्य छलफल भएपनि तत्काल निर्णय हुन सकेन । उनी भन्छन्, 'बुटवलबाट काठमाडौं आएको दोस्रो दिन

>>> पृष्ठ २ मा





बुटवलबाट काठमाडौं आएको दोस्रो दिन उहाँलाई निवासबाटै प्रहरीले पक्राउ गरेको छ । उहाँ भाग्न पनि सक्नुहुन्थ्यो । तर उहाँले त्यसो नगरेर अनुसन्धानमा सहयोग गर्नु भएको छ । हामीले यो कुरालाई पनि हेर्नुपर्छ ।

■ **जीवन परियार**
**सहमहामन्त्री, कांग्रेस**

## मञ्जुविरुद्ध प्रमाण खोज्दै प्रहरी

प्रहरीका अनुसार नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने प्रयासको गिरोहमा संलग्न रहेको आरोपमा बालकृष्ण पत्नी मञ्जु खाणविरुद्धमा आएका प्रमाणहरुको अध्ययनमा छ । बालकृष्ण खाण २०७८ असार २९ देखी २०७९ पुस ११ सम्म गृहमन्त्री थिए । त्यसबेला भएको भुटानी शरणार्थीको कोटामा अमेरिका पठाइदिने नाममा नेपाली नागरिकलाई ठगेको घटनामा मञ्जु संलग्न रहेको कतिपयको आशंका छ । यस सम्बन्धमा जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसन्धान अधिकृतहरुले अनुसन्धान अगाडि बढाएका छन् ।

मञ्जु खाण कांग्रेसकी केन्द्रीय सदस्य र

>>> पृष्ठ २ मा




## प्रेस विज्ञप्ति

यस वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका सल्लाहकार ललितपुरस्थित अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.का सञ्चालक ईश्वर जिसी वैदेशिक रोजगारीका लागि साउदी अरेबिया जाने नेपाली कामदारको भिसा प्रक्रियामा सिण्डिकेट खडा हुने गरी भिसा सेन्टर सञ्चालन गर्न लागिपरेको भनी अनलाइन तथा विभिन्न सञ्चारमाध्यमबाट सार्वजनिक भएका समाचारप्रति यस मञ्चको गम्भीर ध्यानाकर्षण भएको छ । साउदी अरेबियाको भिसा प्रक्रियाको बारेमा उहाँको नाम जोडेर समाचार सार्वजनिक हुन थालेपछि उहाँले लिखितरूपमा आफू र आफ्नो संस्था सिण्डिकेट खडा गर्ने कार्यमा संलग्न नरहेको मञ्चलाई प्रष्ट पार्नुभएको थियो भने नेपाल वैदेशिक रोजगार व्यवसायी संघको गत निर्वाचनमा पनि उहाँले जुनसुकै नाम र आवरणमा देखापर्ने सिण्डिकेटविरूद्ध सशक्तरूपमा प्रतिवादमा उत्रिने आम व्यवसायीज्यूहरूका अगाडि सार्वजनिक प्रतिबद्धतासमेत व्यक्त गरिसक्नुभएको सर्वविदितै छ । वैदेशिक रोजगारीका लागि साउदी अरेबिया जाने कामदारको भिसा प्रक्रियामा सहजीकरण गर्न नेपालस्थित साउदी अरेबियाको दूतावासले नै आफ्नो पूर्ण नियन्त्रण रहने गरी भीएफएस प्रणाली स्थापना गर्ने नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई जानकारी गराई व्यवसायीबीच रहेको त्यसबारेको अन्योल र आशंका निराकरण गरिसकेको छ । यस्तो अवस्थामा स्थापनाकालदेखि सबै प्रकारका एकाधिकार र सिण्डिकेटविरूद्ध रहेको यस मञ्चको नामसमेत जोडेर मञ्चका सल्लाहकारप्रति लाञ्छना लगाउने र बद्नाम गर्ने दुराशययुक्त भएकोले यस्तो तथ्यहीन कार्य नगर्न/नगराउनु हुन सबैमा हार्दिक अपिल गर्दछौं । सिण्डिकेटका विरोधमा सधैंभरि लडिरहेको संस्था र कम्पनीका सञ्चालकको नाम जोडेर प्रचार गरिनु कपोकल्पित र कम्पनीको व्यावसायिक तथा सामाजिक प्रतिष्ठामा आँच पुऱ्याउने षड्यन्त्र हो भन्ने समेत मञ्चको निष्कर्ष छ । स्वतन्त्ररूपमा व्यवसाय सञ्चालन गर्न पाउने व्यवसायीको अधिकारप्रति मञ्च र यसका सल्लाहकारको निरन्तर र अविचलित प्रतिबद्धता रहने विश्वास दिलाउँदै व्यवसाय व्यवसायीका विरूद्ध हुने सम्भावित सिण्डिकेटविरूद्धको लडाईंमा विगतमा झैं बलियो एकता कायम गर्न सम्पूर्ण व्यवसायीज्यूहरूमा आह्वान गर्दछौं ।

**धनलाल जैसी**
**अध्यक्ष**
NRFEEF
**वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च**


## वैदेशिक रोजगार विशेष

# वैदेशिक रोजगारका नाममा डरलाग्दो व्यक्तिगत ठगी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ वैशाख


अमेरिका, युरोपेली मुलुक, क्यानडालगायतका बिकसित देशहरूमा आकर्षक तलब पाउने लोभ देखाएर चर्को ठगी भइरहेको देखिएको छ। इजाजतप्राप्त वैदेशिक रोजगार व्यवसायीले श्रम स्वीकृति लिएर पठाउने खाडी तथा मलेसियाको रोजगारको गति केही सुस्त भइरहेको अवस्थामा अमेरिका, युरोपेली मुलुक, क्यानडालगायतका देशहरूमा पठाइदिने बहानामा लाखौं रकम ठगी गर्ने समूह सक्रिय रहेको देखिएको छ ।

प्रहरीको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले वैदेशिक रोजगार विभागको अनुरोधमा दैनिकरूपमा वैदेशिक रोजगारमा ठगी गर्नेहरुलाई पक्राउ गरेको घटना सार्वजनिक भइरहेका छन् ।



वैदेशिक रोजगारका लागि दुबई पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा बिहीबार रसुवा घर भई >>> पृष्ठ २ मा

### नयाँ श्रम गन्तव्यको खोजी गर्न छलफल शुरु



**काठमाडौं/रासस**- वैदेशिक रोजगार बोर्डको सचिवालयले वैदेशिक रोजगारीमा जानेका लागि नयाँ श्रम गन्तव्यको खोजी गर्ने विषयमा छलफल शुरु गरेको छ । बोर्ड सचिवालय र नेपाल वैदेशिक रोजगार व्यवसायी संघबीच बिहीबार भएको छलफलले खाडी र मलेसियामा केन्द्रित श्रम बजारलाई युरोपलगायत मुलुकमा विस्तार गर्नका लागि वैदेशिक

>>> पृष्ठ २ मा

# व्यवसाय छोडेर विदेशतिर

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २८ वैशाख ।

काठमाडौं उपत्यकाका विभिन्न ठाउँमा 'टु लेट' सहितका पोष्टर तथा होडिङ बोर्डहरु जतातत्तै भेटिन थालेका छन् । कुनै समय सटर पाउनै मुस्किल पर्ने काठमाडौं, ललितपुर र भक्तपुरका विभिन्न ठाउँमा आवास तथा व्यावसायिक प्रयोजनका लागि राखिएका 'टु लेट' 'सटर भाडामा' आदि पोष्टरहरुको संख्या बढ्न थालेको हो । कोरोना अघिसम्म सटर पाउन मुस्किल पर्ने ललितपुरको कुपन्डोलमा जतातत्तै 'टु लेट' लेखिएका पोष्टरहरु भेटिन थालेका छन् । महामारीका रुपमा फैलिएको कोरोना भाइरस, रसिया युक्रेनको युद्ध र बढ्दो आर्थिक मन्दीले व्यवसायीहरु समस्यामा पर्न थालेका हुन् ।

'मान्छेसँग आर्थिक आयआर्जनको स्रोत छैन, घरबहाल अनियन्त्रित वृद्धि छ, बजारमा महँगी बढेको छ, कोभिडपछि मान्छे गाउँ वा विदेश जान थालेसँगै कोठा खाली हुँदै गएका हुन्,' अर्थविज्ञ अचल पाण्डेले भने । उनले बहाललाई राज्यले नीतिगत रूपमा व्यवस्थापन गर्न नसक्दा बेरोजगारी र देश छोड्नेको संख्या बढेको बताएका हुन् । राष्ट्रिय व्यवसायी महासङ्घको तथ्यांक अनुसार देशभर ३० देखि ३५ प्रतिशत सटर बन्द भएका छन् । आर्थिक गतिविधि सुस्त गतिमा चलायमान हुँदा व्यापार व्यवसायबाट पलायन हुनेको सङ्ख्या बढ्दै गएको संघको निष्कर्ष छ ।

यता, महानगरपालिकाभित्र बस्ने तथा व्यवसाय गर्ने प्रयोजनका लागि संरचना, स्थान वा जग्गा वहाल वा लिजमा लिँदा दिँदा अनिवार्य सम्झौता गर्नुपर्ने व्यवस्था भएपनि सो विषय पनि कडाइका साथ लागू हुन सकेको छैन । बरु, घरबेटीले महिनैपिच्छे भाडा बढाउने तर कर नतिर्ने प्रवृत्ति बढिरहेको छ ।

दैनिक गुजाराका लागि स-सानो व्यापार >>> पृष्ठ २ मा

# शरणार्थी प्रकरणको 'नेक्सस'लाई कारबाहीको दायरामा ल्याउँछौं : उपप्रधानमन्त्री

**काठमाडौं/मस**-उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने भनेर ठगी गर्ने गिरोहको सबै 'नेक्सस'लाई कारबाहीको दायरमा ल्याइने बताएका छन् ।

बिहीबार आफूसँग भेट गर्न आएका नेकपा (एकीकृत समाजवादी)का नेता तथा जनवर्गीय संगठनका प्रतिनिधिसँगको छलफलमा उनले दोषीलाई कुनै पनि हालतमा नछाड्ने र निर्दोष कुनै पनि हालतमा नफस्ने गरी सरकार अगाडि बढेको बताए । 'निर्दोष कुनै पनि हालतमा पर्ने छैनन्, दोषी छुट्ने छैनन्', उनले भने ।



उपप्रधानमन्त्री श्रेष्ठले यस प्रकारको ठगी सामान्य भ्रष्टाचार मात्रै नभएर संगठित अपराध भएको उल्लेख गरे । अझ त्योभन्दा बढी यो राज्यविरुद्धकै अपराध भएको पनि उनको भनाइ छ । 'यो भ्रष्टाचार मात्रै होइन माथिदेखि तलसम्म मिलेर चलाइएको संगठित अपराध हो । यो यतिमा मात्रै सीमित नभएर आफ्नो देशका नागरिकलाई अनागरिक बनाउने राज्यविरुद्धकै अपराध हो', उनले भने ।

सो प्रकरणमा आफूलाई कुनै पनि नेताले दबाब नदिएको उल्लेख उल्लेख गर्दै उनले दवाब आए त्यसलाई थेगेरै भए पनि अनुसन्धान प्रक्रियालाई निष्कर्षमा पुऱ्याइने दृढता व्यक्त गरे । शरणार्थी प्रकरणमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' बाट आफूले दह्रो साथ र आडभरोसा पाएको उनको भनाइ छ । 'मलाई अहिलेसम्म शीर्ष नेताले यसलाई नपक्रनुस् उसलाई नपक्रनुस् भनेर दबाब दिनुभएको छैन । दोषी नफसोस् र निर्दोष नउम्कियोस् भन्ने नै उहाँहरुको कुरा छ, प्रधानमन्त्रीको निर्देशन र आडभरोसा छ । दोषीलाई कारबाही गरियोस् निर्दोस नपरुन् भन्ने छ सबैको कुरा', उपप्रधानमन्त्री श्रेष्ठले भने ।

उनले प्रहरीलाई निर्धक्क भएर अनुसन्धान अगाडि बढाउन निर्देशन दिएको जानकारी दिए । 'राजनीतिक दबाबको सामना गर्ने म छु, तपाईंहरु पनि अन्य चलखेलमा नलागी अनुसन्धान गर्नुहोला भनेर प्रहरीलाई भनेको छु', उनले भने । भेटमा एकीकृत समाजवादीका नेताले शरणार्थी प्रकरणमा सरकारले प्रशंसनीय काम गरेको भन्दै बधाई दिएका थिए । यो अनुसन्धान प्रक्रियामा आफूहरुको पनि समर्थन रहने भन्दै उनीहरुलेले कुनै पनि दबाबको अगाडि नझुक्न उपप्रधानमन्त्री श्रेष्ठलाई सुझाव दिए ।

### खाँणबारे...

उहाँलाई निवासबाटै प्रहरीले पक्राउ गरेको छ । उहाँ भाग्न पनि सक्नुहुन्थ्यो । तर उहाँले त्यसो नगरेर अनुसन्धानमा सहयोग गर्नु भएको छ । हामीले यो कुरालाई पनि हुनुपर्छ ।'

कांग्रेस दोषीलाई उम्काउने पक्षमा नभएको पनि सहमहामन्त्री परियारको भनाइ छ । अनुसन्धानलाई पार्टीले सघाउनुपर्नेमा सबै सहमत रहेको पनि जानकारी गराए । बुधबारको बैठकमा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले खाणलाई पार्टीबाट निलम्बन गर्नुपर्ने मत राखेका थिए ।

### मञ्जुविरुद्ध...

समानुपातिक तर्फबाट प्रतिनिधिसभा छन् । भुटानी शरणार्थीको कोटामा अमेरिका पठाउने नाममा ठगी गर्ने गिरोहका सदस्यहरूले चाहिँ मञ्जुबारे 'अडियो कुराकानी' गरेका छन् । अमेरिका जाने आशामा पैसा बुझाएका एक पीडित र दाङका सन्देश शर्माको बीचमा भएको अडियो कुराकानी प्रहरीले फेला पारेको छ । पीडितहरुले नै प्रहरीलाई त्यस्तो अडियो बुझाएका हुन् ।

### वैदेशिक...

काठमाडौंको बसुन्धारा बस्ने होमबहादुर तामाङ, सिंगापुर पठाइदिन्छु भनी ठगी गर्ने झापाका सिर्जन निरौला, माल्दिभ्स पठाइदिन्छु भनी ठगी गर्ने धुलिखेलका अञ्जन सिग्देललाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । सरकारले वैदेशिक रोजगारमा पठाउन इजाजतपत्र लिएका वैदेशिक रोजगार व्यवसायीलाई विदेशस्थित रोजगारदाताले सेवा शुल्क नदिएको अवस्थामा बढीमा १० हजार रूपैयाँ लिन पाउने छुट दिएको छ । तर अनधिकृतरूपमा पठाउने भन्दै ठगी गर्नेहरूले लाखौं रूपैयाँ उठाइरहेको देखिएको छ । सिंगापुर पठाइदिने प्रलोभनमा ओमनाथ मैनालीसहित १२ जनालाई झापाका निरौलाले प्रतिव्यक्ति १४ लाख लाग्ने भन्दै १ करोड ६८ लाख उठाउने योजना बनाएको प्रहरीले बताएको छ । पीडितहरूबाट रु ९५ लाख लिएर उनी फरार भएपछि पीडित प्रहरीमा आइपुगेका थिए । उनले मासिक चार लाखसम्म तलब हुने भनी लोभ देखाएर रकम लिएको खुलेको प्रहरीको भनाइ छ ।वैशाख महिनामा मात्रै प्रहरीले व्यक्तिगत ठगीमा संलग्न दुई दर्जनभन्दा बढी व्यक्तिलाई पक्राउ गरेर वैदेशिक रोजगार विभागको जिम्मा लगाएको छ ।

युरोपेली मुलुकमा नेपाली कामदारको सीप र दक्षताअनुसारको रोजगारीको अवसर रहेको तर मागपत्र प्रमाणीकरण गर्ने नेपाली दूतावास नभएपछि औपचारिक ढंगबाट जान नदिँदा गलत बाटोबाट जानुपर्ने बाध्यता रहेको र त्यसको लाभ अनधिकृत व्यक्तिहरूले लिएको आंकलन गरिएको छ ।

हाल शैक्षिक परामर्शदाताको काम गर्न अनुमति लिएका कन्सलटेन्सीहरूले क्यानडालगायतका देश पठाउने भन्दै हजारौं राहदानी र करोडौं रकम असुली गरिरहेको चर्चा व्यापक बनेको छ । त्यस्तो कार्यले सरकारले ठूलो मात्रामा कर गुमाइरहेको तथा रोजगार आकांक्षी युवायुवतीले दुःख पाइरहेको देखिएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले खुला नीतिलाई अवलम्बन गर्ने हिसाबले नेपालको कूटनीतिक सम्बन्ध स्थापना भएका मुलुकमा रोजगारीका अवसर खुला गरेर देखिएका समस्याको समाधान गर्ने बताउने गरेका छन् । तर ठोस निर्णय नभएका कारण ठगी अकल्पनीयरूपमा बढेको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् । अनधिकृत पक्षले ठगी गरेर लाभ उठाउने तर त्यसको दोष आफूहरूले बोक्नुपर्ने विडम्बनापूर्ण अवस्था रहेको पनि उनीहरूको गुनासो छ ।

### नयाँ...

रोजगार मेला आयोजना गर्नु उपयुक्त हुने निष्कर्ष निकालेको छ । बोर्डका कार्यकारी निर्देशक डा द्वारिका उप्रेतीले अन्तर्राष्ट्रिय श्रम बजारको अध्ययन गर्ने गराउने र नयाँ अन्तर्राष्ट्रिय श्रम बजारको खोजी गर्ने गराउने वैदेशिक रोजगार ऐनमा भएको व्यवस्थाबमोजिम नयाँ श्रम गन्तव्य मुलुकको खोजी गर्न लागिएको जानकारी दिए ।

प्रत्येक वर्ष झण्डै पाँच लाखको हाराहारीमा नेपाली श्रम शक्ति वैदेशिक रोजगारीमा जाने गरेको वर्तमान अवस्थामा युरोप, क्यानडालगायत मुलुकमा रोजगारीको दायरा विस्तार गर्न आवश्यक रहेको उनको भनाइ छ ।

बोर्डकी निर्देशक सीता दुवाडीले नेपाली श्रमिकका लागि श्रमको नयाँ क्षेत्र र मुलुकको खोजी भइरहेको जानकारी दिइन् । नयाँ क्षेत्र पहिचानका लागि युरोपेली मुलुकमा रहेका दूतावास, गैरआवासीय नेपाली र सरोकारवाला पक्षसँग छलफल गरिने उनले बताइन् ।

वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले परम्परागतरूपमा खाडी मुलुकमा जाने ८० प्रतिशत श्रम शक्तिलाई नयाँ गन्तव्य मुलुकमा 'सिफ्ट' गर्न आवश्यक रहेको बताए । उनले पूर्वी युरोपलगायत मुलुकमा ठूलो संख्यामा जान शुरु गरेका नेपाली श्रमिकलाई संस्थागतरूपले पठाउने सवालमा द्विपक्षीय सम्बन्ध विस्तारमा सरकारले जोड दिनुपर्ने धारणा राखे ।

### व्यवसाय..

गर्नेहरु पनि भाडा तिर्न नसकेपछि सटर नै छोड्नु पर्ने अवस्था आएको व्यवसायी जय दाहाल बताउँछन् । मैले सुरुमा मासिक १५ हजार रुपैयाँ सटर भाडा बुझाथैं तर अहिले बढेर ५० हजार पुगिसकेको छ, तर आर्थिक मन्दीले व्यापार व्यवसाय ठप्प छ' उनले भने । साथै उनले उनीसँग पसल सञ्चालन गरेका धेरै व्यवसायी विदेश पलायन भईसकेको बताएका छन् । केही व्यक्तिको हातमा बैंक, लघुवित्त, बीमा कम्पनी, ठूला उद्योग, राजनीतिक दल र सरकार रहेको भन्दै व्यवसायमुखी नीति ल्याउन उनीहरुको माग छ । अत्यावश्यक वस्तुको बजार राम्रोसँग चलेपनि अन्य व्यवसाय भने थप धराशायी बन्न थालेको हो । जसले गर्दा धेरै व्यवसायीहरु सटर छोड्दै विदेश पलायन हुन थालेका छन् भने मानिसको दैनिक थप संकटपूर्ण बनेको छ । तरपनि, अर्थतन्त्र सुधारका लागि सरोकारवाला निकायले पूर्ण ध्यान पुऱ्याउन सकेका छैनन् ।


## पञ्चेश्वर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

आम्चौरा, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्विकृत गर्ने आशय सम्बन्धि सूचना

**सूचना प्रकाशित मिति : २०८०/०१/२९**

यस कार्यालयमा तपशिलमा उल्लेखित निर्माण कार्यको लागि प्रकाशित सूचना बमोजिम नियमाअनुसार म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये **Multitech-New Shreekedar Joint Venture** को प्राविधिक प्रस्ताव स्विकृत गरिएको र आर्थिक प्रस्तावको लागि सिफारिस गरिएको सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | ठेक्का नाम | प्राविधिक प्रस्ताव स्विकृत फर्मको नाम | आर्थिक प्रस्ताव खोल्ने मिति |
|---|---|---|---|---|
| १ | PRM/NCB/H/Works/04/2079/080 | Construction of 10 bed paraimary Hospital | Multitech-New Shree-kedar Joint Venture | २०८०/०२/०४ |

**प्रमुख प्रशासकीय अधिकृत**
**पञ्चेश्वर गाउँपालिका**



## बराहताल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

कुनाथरी, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८०/०१/२९**

यस कार्यालयको तपशिल निर्माण कार्यको लागि e-Gp मार्फत दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव खोली सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र सार्वजनिक खरिद नियमावलि २०६४ को ५९, ६०, ६२ र ६३ बमोजिम मुल्याङ्कन गर्दा योग्यताको सबै आधारमा सफल हुने तपशिल बमोजिमको सारभुतरुपमा प्रभावग्राहि बोलपत्रदाताको आर्थिक प्रस्ताव तपशिलको स्थान, मिति र समयमा खोलिने भएकाले सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ३१ (ङ) को उपनियम ५ अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

| सि.न. | ठेक्का नम्बर | निर्माण कार्यको विवरण | सफल बोलपत्रदाता |
|---|---|---|---|
| १. | BRM/NCB/WORKS/079/80-11 | **Construction of Administrative Building in Barahatal RM,Surkhet** | Hamro-Binod JV, Birendranagar Surkhet |
| २ | BRM/NCB/WORKS/079/80-12 | **Construction of Ward Office Building in Barahatal RM-04** | Aashish-Subash-Manik Jv,Birendranagar-03 Surkhet |
| ३ | BRM/NCB/WORKS/079/80-12 | **Construction of Ward Office Building in Barahatal RM-04** | Rajita-Babita JV, Surkhet |
| ४ | BRM/NCB/WORKS/079/80-12 | **Construction of Ward Office BuildinBarahatal RM-04** | Uttam-Panta JV, Bijaura-08, Surkhet |
| आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान: | २०८०/०२/०५ गते दिनको १:०० बजे बराहताल गाउँपालिकाको कार्यालय, कुनाथरी, सुर्खेत | | |

**प्रमुख प्रशासकीय अधिकृत**



## हिराखुशी वहुउद्देश्यीय सहकारी संस्था लि.
### मैतिदेवि, काठमाण्डौं, फोन नं. ०१-४५२२६३०

यस हिराखुशी वहुउद्देश्यीय सहकारी संस्था लि.बाट तल उल्लेखित व्यक्तिहरुले विभिन्न समयमा लिनु भएको कर्जाको सावाँ व्याज तिर्न पटक पटक फोन सम्पर्क गर्दा, घर पसलमा पुगेर ताकेता गर्दा पनि अटेर गरि ऋण तिर्न नआउनु भएकोले तपाईको तिन पुस्ते विवरण र साक्षीको विवरण सहित राजधानी दैनिक पत्रीका मार्फत १५ दिने सुचना प्रकाशित गर्दा सो समय भित्र तपाई ऋणीले तिर्नु पर्ने कर्जाको सावाँ व्याज अन्य दैदस्तुर चुक्ता गर्न आउनु भएमा प्राप्त व्याजमा १० प्रतिशत छुट समेत दिईने व्यवस्था गरिएकोछ । अन्यथा यो सूचनालाई अटेर गरी सम्पर्कमा नआई सावाँ व्याज अन्य दैदस्तुर भुक्तानी गर्न नआउनु भएमा ऋणीको तिन पुस्ते भित्र र साक्षीको समेत अधिराज्य भरीमा रहेको जयजेठा र बैंक खाता समेत रोक्का राखी कालो सूचीमा राखी बैकिङ्ग कसुर सम्बधि कानुनी कारवाही गरिनेछ । यदि कालो सूचिबाट बच्न चाहनु हुन्छ भने ताकिएको समय भित्र कर्जाको सावाँ व्याज अन्य दैदस्तुर चुक्ता गर्न आउनु होला ।

| सि.नं. | ऋणीको नाम थर | बुबाको नाम थर | बाजेको नाम थर | जमानी कर्ताको नाम थर | नागरीकताको नं. | कर्जाको मिति |
|---|---|---|---|---|---|---|
| १ | गणेश अधिकारी | राम चन्द्र अधिकारी | हरि प्रसाद अधिकारी | | १३२८/१५२८ | २०७४/५/२१ |
| २ | गंगा पराजुली | सीता राम पराजुली | मधु प्रसाद पराजुली | गणेश अधिकारी | | २०७३/१२/१५ |
| ३ | राजेश कुमार दत्त | गौरी शंकर दत्त | सुदिस्था दत्त | गौरी शंकर दत्त | ६९१ | २०७५/०१/१२ |
| ४ | सुस्मिता दत्त | धिरेन्द्र कुमार लाल | गौरी शंकर दत्त | राजेश कुमार दत्त | ६५६ | २०६८/९/८ |
| ५ | पेशल कुमार बस्नेत | पुन्य बहादुर बस्नेत | राम बहादुर बस्नेत | | ४३३५ | २०६९/९/२२ |
| ६ | परश मणि शर्मा पौडेल | ओमप्रसाद शर्मा पौडेल | कपिला शर्मा पौडेल | | | २०७५/१२/१४ |
| ७ | अरबिन्द्र मिश्र | राम चन्द्र मिश्र | मकसुदन मिश्र | | ६११२२४६८ | २०६७/०१/३० |
| ८ | सुमन महर्जन | बिष्णु महर्जन | मचाकाजी महर्जन | धनमाया श्रेष्ठ महर्जन | ०९९४९ | २०७६/०२/१७ |
| ९ | बिष्णु महर्जन | मचाकाजी महर्जन | नाति महर्जन | धनमाया श्रेष्ठ महर्जन | ५५१२-५६८०३ | २०७४/०९/२६ |
| १० | सृजना महर्जन | बिष्णु महर्जन | मचाकाजी महर्जन | धनमाया श्रेष्ठ महर्जन | ००८२७ | २०७४/०९/२० |
| ११ | ए.ए.आर अटोमोबाइल | | | राजिब कुमार दास, अनिल कुमार खड्का, अमन शर्मा | ०७३३२३९३, १६८४/१७३६,१७०८/१२९२ | २०७३/०३/०२ |
| १२ | अमन शर्मा | गोमाल प्रसाद शर्मा | राम प्रसाद शर्मा | अनिल कुमार खड्का | १७०८/१२९२ | २०७४/१०/१७ |
| १३ | तुल्सि प्रसाद तिमिल्सिना | चन्द्र प्रसाद तिमिल्सिना | बेदनाथ तिमिल्सिना | रेखा कुमारी | १००१ | २०७६/०३/३० |
| १४ | अनिल कुमार खड्का | विरेन्द्र सिं खड्का | बटुक बहादुर खड्का | अमन शर्मा | ६८४-१७३६ | २०७३/०४/२७ |
| १५ | बद्रि प्रसाद श्रेष्ठ | विष्णु प्रसाद श्रेष्ठ | मनि प्रसाद श्रेष्ठ | केदार केशी | ६५५-७०४५ | २०७४११/०९ |
| १६ | पदम बहादुर कटुवाल | ललित बहादुर कटुवाल | नर बहादुर कटुवाल | अधकार उदया नरमान | १५६८ | २०७५/०७/२८ |
| १७ | लोक बहादुर विष्ठ | भम बहादुर विष्ठ | सुर मोहन विष्ठ | | ४२३१-२६७ | २०७४/०४/५ |
| १८ | आशा लामिछाने | तेज बहादुर लामिछाने | महाप्रसाद लामिछाने | तिका थापा-सुनिल | ४४१००८ | २०७६/०३/०२ |
| १९ | सम्झना खड्का | हर्क बहादुर खड्का | नर बहादुर खड्का | इन्द्र माया अधिकारी | १०६०-९२३०७ | २०७५/०२/१६ |
| २० | इन्द्र कुमारी अधिकारी | डन बहादुर अधिकारी | भिम बहादर अधिकारी | दिवश खड्का | १०८८-५५११ | २०७४/११/१६ |
| २१ | सम्झना थापा | राम शरण थापा | यज्ञ बहादुर थापा | बसन्ति हुमागाई | ०१८८८ | २०७६/११/१६ |
| २२ | प्रकाश जोशी | केदार जोशी | बद्री जोशी | महेश डंगोल | १०२०५ | २०७५/०४/१३ |
| २३ | मदन ल्वागुन | रमेश ल्वागुन | लाल बहादुर ल्वागुन | सरस्वती बिश्वकर्मा | ०२२७८ | २०७५/०९/१५ |
| २४ | विश्व बन्धु कार्की | पर्शुराम कार्की | भक्त बहादुर कार्की | केदार केशी | १४२० | २०७४/१२/२० |
| २५ | मदन प्रसाद घिमिरे | दन्त प्रसाद घिमिरे | विष्णु प्रसाद घिमिरे | मोति लाल शाह | १००७६ | २०६८/१२/०८ |
| २६ | जिवन कुमार शाक्या | हरि प्रसाद शाक्या | भक्त बहादुर शाक्या | केदार केशी | ७३६२-१३ | २०६८/१२/२२ |
| २७ | नसिमा खान | गुलाम हुसेन | इजाज हुसेन | सहजद खान | ३९७१-३३७७९ | २०७६/०२/२९ |
| २८ | सुमन आले मगर | राम बहादुर आलेमगर | भम बहादुर आलेमगर | सिता थापा मगर | २५१००१-०१५१ | २०७३/१२/१६ |
| २९ | रवि कृष्ण श्रेष्ठ | श्याम कृष्ण श्रेष्ठ | धर्म लाल श्रेष्ठ | उदय भट्टराई | ३६०१०-१३७४ | २०७५/०५/०३ |
| ३० | उमा शंकर विश्वकर्मा | पुष्प लाल विश्वकर्मा | विदुर लाल विश्वकर्मा | अनिल कुमार श्रेष्ठ | ०४९२९ | २०७६/०९/०८ |
| ३१ | जिवन मिजार | थुल्या कान्छा मिजार | चेत बहादुर मिजार | शंकर मिजार | ८१४०२ | २०७५/०६/०९ |
| ३२ | उदय भट्टराई | श्री नारायण भट्टराई | पुष्प लाल भट्टराई | | ०३३१९८६-५५९ | २०७५/०५/०६ |
| ३३ | रोहित खड्का | दिल बहादुर खड्का | धन बहादुर खड्का | गोपाल चौधरी | ४३०३१-१२९ | २०७५/०८/१७ |
| ३४ | वशिमुन निशा | सलिम दिन | अमिन दिन | सलमान दिन | ६५३-५१५६ | २०७५/०३/२८ |
| ३५ | सुमित्रा गौतम | तुल्सि बहादुर गौतम | कृष्ण बहादुर गौतम | मोहन भट्ट | २७१०६०-१८४२६ | २०७५/१०/१५ |
| ३६ | राजेश कुमार जोशि | मानिक लाल जोर्शा | रतन लाल जोशि | सविन प्रधान | १८-२४३४ | २०७७/०३/२९ |
| ३७ | दिपक राई | गाविन्द राई | शिब राई | ब्हुँ रँम नेउपाने | २६७५ | २०७६/०३/०६ |
| ३८ | विमला तुलाङ्गे | मंगले अछामे | पुड्के तुलाङ्गे | भगवती श्रेष्ठ | ००६५१ | २०७५/०९/११ |
| ३९ | नविन मेहर कायस्थ | चकसन मेहर कायस्थ | वद्रि मेहर कायस्थ | रसमिन शाक्या | २०५१ | २०७५/१०/०७ |
| ४० | सुनिल कुमार श्रेष्ठ | इन्द्र बहादुर श्रेष्ठ | नन्द लाल श्रेष्ठ | श्रृष्ठि मानन्धर | ९३८६३१५६ | २०७५/११/०५ |
| ४१ | मदन विक्रम अचार्य | डम्बर बहादुर अचार्य | लक्ष्मि प्रसाद अचार्य | शर्मिला अचार्य | ३६-१३११ | २०६८/०/२३ |
| ४२ | लब ढकाल | हेमानन्द ढकाल | महिनाथ ढकाल | सरला भट्टराई | २८९५-१६५४४-३१७६१ | २०७४/१२/०५ |
| ४३ | इन्द्र प्रसाद सिवाकोटी | पुष्प लाल सिवाकोटी | गंगा प्रसाद सिवाकोटी | अनिल कुमार खड्का | ३५७४३२४ | २०७३/०८/११ |
| ४४ | सुरेश राज डंगोल | सानु राज डंगोल | लोक मान डंगोल | शिव प्रसाद पोखेल | ९३९६ | २०७४/१०/२८ |
| ४५ | ज्वाला देवि बम | इन्द्र बहादुर अधिकारी | राम बहादुर अधिकारी | नरेश प्रकाश बम | ७१०२०-१६४४ | २०७७/०३/२३ |
| ४६ | नविना श्रेष्ठ राई | शंकर दास श्रेष्ठ | राजेश राई | भगवतबी श्रेष्ठ | २७१०६०-५१२५ | २०७५/४/१४ |
| ४७ | दिनेश घिमिरे | जनार्धन घिमिरे | चन्द्र कान्त घिमिरे | धनमाया श्रेष्ठ | ११२१-८० | २०७४/९/१९ |
| ४८ | मिन बहादुर तामाङ्ग | छोया लामा तामाङ्ग | डोन मान लामातामाङ्ग | नर मान तामाङ्ग | ३७६११ | २०७६/०८/०३ |
| ४९ | केशब भट्टराई | रत्न भट्टराई | भिम बहादुर भट्टराई | रुप कमल खड्गी | ९५४१८ | २०६७/०२/३१ |
| ५० | विकाश बलामी | हरि बहादुर बलामी | रत्न लाल बलामी | दीपाली केशी | २१६११ | २०७६/०३/१२ |
| ५१ | समिता नेपाली | राम कृष्ण नेपाली | शिव लाल नेपाली | राकेश नेपाली | २६४ | २०७५/०२/१८ |
| ५२ | शुरेश कुमार श्रेष्ठ | कृष्ण कुमार श्रेष्ठ | विष्णु बहादुर श्रेष्ठ | | ४७१-७४७१ | २०६७/०२/२६ |
| ५३ | मदन खड्गी | कृष्ण बहादुर खड्गी | कृष्ण लाल खड्गी | | ३७८८-४९६२ | २०७५/११/१४ |
| ५४ | उपेन्द्र कुमार बराल | दिल बहादुर बराल | बल बहादुर बराल | सावित्रा कुमारी बराल | ९२८६२८७ | २०७६/०९/०१ |
| ५५ | लक्ष्मण दमाई | विजुल्या दमाई | हर्क वहादुर दमाई | रुद्र बहादुर दमाई | ३८२४७ | २०७६/२५/०५ |
| ५६ | विदुर पाण्डे | हेम प्रसाद पाण्डे | धर्मा नन्द पाण्डे | किशोर कार्कि | ५४८९ | २०७५/०५/०५ |
| ५७ | भाई काजि महर्जन | पुनविर महर्जन | कालु महर्जन | पुनम महर्जन | १३६६ | २०७५/०५/०६ |
| ५८ | राजेश कुमार चौलागाई | चन्द्र बहादुर चौलागाई | अनिरुद्र चौलागाई | | २६०३/०४६ | २०७७/१०/१४ |
| ५९ | महेन्द्र केशी | चित्र बहादुर खत्री | चुमन सिं खत्री | तारा नाथ प्रसाई | २०१३/७५५४१ | २०७६/०१/१५ |
| ६० | सुन धीरज तामाङ्ग | विर बहादुर तामाङ्ग | पुर्ण बहादुर तामाङ्ग | हिमाञ्चल पोखेल | २८०९३ | २०७६/०१/०३ |
| ६१ | रमेश ल्वागुन | लाल बहादुर ल्वागुन | धन विर ल्वागुन | भिम बहादुर सुनुवार सरस्वती विश्वकर्मा | ७८१५ | २०७६/०९/१६ |
| ६२ | आरती बास्कोता | मधव प्रसाद बास्तोटा | पुर्ण प्रसाद बास्कोटा | विनोद खत्री, दिपेन्द्र चौलागाई | २७१०६०/१८७५९ | २०७४/०८/५ |
| ६३ | आदील खान | अलिम खान | सलिम खान | अफजल खान | २८-०१-७३-०४७०८ | २०७६/०९/०१ |
| ६४ | अम्बर प्रसाद रौनियर | केदार प्रसाद रौनियर | परमाश्वर साह | प्रसान्त ज्ञावाली | १०७४/२९४० | २०७४/१०/१४ |
| ६५ | अमित खनाल | बल कृष्ण खनाल | जय नारायण खनाल | मुना कुमारी राई | ०३३००६/१३५७ | २०७५/०४/१६ |
| ६६ | अप्सरा गौतम | पदम लाल चौलागाई | राजु गौतम | सरोज गौतम | ३०३००/५६१ | २०७५/०९/०२ |
| ६७ | आशिश तामाङ्ग | पञ्चमान तामाङ्ग | नैंमान तामाङ्ग | कविता श्रेष्ठ | १५७६० | २०७६/०५/२५ |
| ६८ | अशोक हमाल ठकुरी | शिव हमाल | प्रेम बहादुर हमाल | | ३५०४/४३५६ | २०७५/१२/०४ |
| ६९ | विवेक कुमार दास | राम कृष्ण दास | निर्शु दास | | २५७३ | २०७१/०३/११ |
| ७० | विकास साही | कृष्ण बहादुर खड्गी | गणेश बहादुर खड्गी | विजय खड्गी | २२० | २०७२/०५/२७ |
| ७१ | विन्दु कोईराला | हरि कोईराला | ब्यधिलाल कोईराल | शिव प्रसाद पोखेल | २१७ | २०७२/०५/२२ |
| ७२ | विनोद शाही | ऋषि कृष्ण खड्गी | तिर्थ बहादुर साही | सोनी श्रेष्ठ | २७१०६०/३१५१५ | २०७६/०१/११ |
| ७३ | विष्णु प्रसाद सेदाई | पदम लाल सेडार्क्ष | ऋभि चन्द्र सेडाई | सुधा उप्रेती | ३४१५२२४० | २०७४/०७/१६ |
| ७४ | वुन्नि लाल पन्डित | राम सेवक पन्डित | तिलक पन्डित | | २७६/९१५५१८९१ | २०७६/०७/१२ |
| ७५ | दिल बहादुर कार्की | हिरा बहादु कार्की | डिल्लि राम कार्कि | | ४०४११४-९६८ | २०७०/१२/०७ |
| ७६ | दिपेन्द्र बहादुर शाहि | काल बहादुर शाहि | बल बहादुर शाहि | विश्वास राई, सम्झना गुरुङ्ग | ७०१४६५१ | २०७५/०४/१७ |
| ७७ | हरि कुमारी राई | कृष्ण बहादुर राई | मोहन सिं राई | | ३०१६ | २०७३/०९/११ |
| ७८ | हरि सुवेदी | चेत राज सुवेदी | लक्ष्मि नाथ सुवेदी | राम बाबु महर्जन | ०३/७१० | २०७५/०४/२८ |
| ७९ | कान्छा मान लामा | कान्छा मान लामा | पुर्ण सिं लामा | | २४७ | २०७३/०१/१५ |
| ८० | केशब खत्री | | | | | २०६८/१२/२२ |
| ८१ | किरण मालि | | | | | २०७६/०२/२९ |
| ८२ | लक्ष्मि दहाल मानन्धर | दिप बहादुर दहाल | प्रेम बहादुर दहाल | कुमार लुङ्गेली मगर | १३१०३९/०५ | २०७६/०५/१९ |
| ८३ | लक्ष्मि लिम्बु | | | | | २०७५/०५/०३ |
| ८४ | लक्ष्मि रपाल विश्वकर्मा | नरेन्द्र बहादुर विश्वकर्मा | कृष्ण बहादुर विश्वकर्मा | नराज विश्वकर्मा, खिका बहादुर खड्का | ३०-०१-७२-०१११४ | २०७६/०१/०५ |
| ८५ | लक्ष्मि श्रेष्ठ | कुल बहादुर श्रेष्ठ | पृथिवी बहादुर श्रेष्ठ | | ६१३८३/६२३८३ | २०६९/१०/१८ |
| ८६ | लक्ष्मि मानन्धर | भैरव बहादुर क्षेत्री | गोपाल सिं क्षेत्री | रमेश श्रेष्ठ | २८४ | २०७६/०५/११ |
| ८७ | मधुसुदन राउत | दुर्गा बहादुर राउत | दाल बहादुर राउत | | २०४१४ | २०६८/०७/०१ |
| ८८ | मन कला पाण्डे | रेशम लाल सापकोटा | कृष्ण प्रसाद सापकोटा | सुमना अधिकारी | १०२७/९८५५५ | २०७८/०९/०६ |
| ८९ | मेघराज कोईराला | सिता राम कोईराला | नन्द कुमार कोईराल | पुष्प लाल श्रेष्ठ | २८५ | २०७५/०८/४ |
| ९० | मुनेश्वर ठाकुर | | | | | २०७७/०३/२९ |
| ९१ | नगेन्द्र राई | उदम शेर राई | सग्राम सिं राई | विकास दहाल | ९१७ | २०७५/१०/३० |
| ९२ | नारायण प्रसाद घिमिरे | मित्र प्रसाद घिमिरे | बलराम घिमिरे | विशमबर महत, कोपिला | १५०२६५ | २०७४/८/२८ |
| ९३ | नारायण भण्डारी | | | | | २०७५/१०/०७ |
| ९४ | निर्मल कुमार अग्रवाल | | | | | २०७५/११/०५ |
| ९५ | प्रकाश जोशी | | | | | २०६८/०/२३ |
| ९६ | प्रकाश थापा | राम बहादुर थापा | लाल बहादुर थापा | अमित खनाल | ३३८७५ | २०७४/११/२१ |
| ९७ | प्रलाद सापकोटा | निल कन्ठ सापकोटा | ईन्द्र मणि सापकोटा | दिनेश मनिकार | ३०-०१-७७-०३२५६ | २०७८/०५/२९ |
| ९८ | प्रसान्त ज्ञावाली | प्रशन्त ज्ञावली | ऋषि राम ज्ञावाली | ऋषि नेपाल, अम्बर नाथ | ३७१००६/१/२४३५२ | २०७४/१०/०५ |
| ९९ | राजु मालि | ईन्द्र बहादुर मालि | शेर बहादुर मालि | | ९२७० | २०६८/०१/१२ |
| १०० | रीता तामाङ्ग | | | | | २०७५/४/१४ |
| १०१ | रोशन उप्रेती | भुमि प्रसाद उप्रेती | हरि प्रसाद उप्रेर्ता | डिल्लि राम अधिकारी | ०५-१-६१-०६४६८ | २०७६/८/२९ |
| १०२ | रोशनी मास्के | भुवन लाल प्रधान | मोहन लाल प्रधान | कृष्ण कुमार मास्के | ५५४ | २०७६/०८/२९ |
| १०३ | रुप कुमार नेउपाने | हिरा बहादुर नेउपाने | पदम बहादुर नेउपाने | | ५६६३१३४६ | २०६८/०६/१इ |
| १०४ | सविना खड्गी | | | | | २०७६/०३/१२ |
| १०५ | सविना अधिकारी | राता बहादुर अधिकारी | मान बहादुर अधिकारी | केशव भण्डारी, हिम कुमारी राई | ३०३०३ | २०७६/०९/०१ |
| १०६ | सविता राना | कमल विक्रम राना | दया विक्रम राना | इन्द्र बहादुर रायमाझी | ५५९७ | २०७४/१२/१८ |
| १०७ | सजिता श्रेष्ठ | नेउक्लेश श्रेष्ठ | धनवाह श्रेष्ठ | अम्वर दीप हमाल | १३१५० | २०७५/०१/१३ |
| १०८ | सन्तोष कुमार साह | राम व्रित साह | राम धरी साह | अल्का प्रजापती | ५४३९००१९ | २०७५/०१/२४ |
| १०९ | सशि राज अधिकारी | चन्द्र बहादुर अधिकारी | खड्गी बहादुर अधिकारी | | ९९०१९२३३ | २०७४/०५/११ |
| ११० | शान्त हुमागाई | नवराज थापा | गंगा बहादुर थापा | | १३०४ | २०६८/१२/२० |
| १११ | शान्त बहादुर भण्डारी | डवल बहादुर भण्डारी | अदिमर्दन खत्री | शुसिला परियार | २२३००३/४८६ | २०७४/१०/०२ |
| ११२ | शिव लाल विक | खज्ञया लाल विक | धनि लाल विक | | ३२२९० | २०६७/०४/३० |
| ११३ | शिव प्रसाद पोखेल | | | | | २०७४/१०/२८ |
| ११४ | शोभा गुरुङ्ग | भिम बहादुर गुरुङ्ग | विर बहादुर गुरुङ्ग | डोल्मा तामाङ्ग, क्षत्र मान गुरुङ्ग | १३२५/२२९ | २०७४/१२/२० |
| ११५ | सिथिल लिम्वु | लक्ष्मन लिम्वु | डाल बहादुर लिम्वु | विशाल राई | २०३३/३५ | २०७४/१०/०९ |
| ११६ | सृजना घले | जनक घले | मित्र बहादुर घले, | | ०९१००४/८ | २०६८/०५/०१ |
| ११७ | शुशिला कार्कि | तिलक बहादुर काकिृ | नरदिम कार्कि | तिक बहादुर कार्कि | २११०२७/२५८१२ | २०७६/०७/१४ |
| ११८ | यादब अधिकारी | नरेन्द्र बहादुर अधिकारी | भिम बहादुर अधिकारी | अरण हाडा | २७८४/४१६३० | २०६७/०७/१५ |
| ११९ | युवराज श्रेष्ठ | ज्ञान बहादुर श्रेष्ठ | नर बहादुर श्रेष्ठ | जिबन निराउला/रोशन विशखे | १९७/४२५ | २०७६/०१/२९ |
| १२० | युवराज अर्याल | कृष्ण बहादुर अर्याल | बल बहादुर अर्याल | रिता राउत | २४१०६३/६०८५ | २०६८/०१/३१ |

# रमाना नलिई बस्ने कर्मचारीलाई विभागीय कारबाही




**काठमाडौं/मस**-सरकारले सरुवा एवं पदस्थापन भएर पनि रमाना नलिई काजमै बस्ने कर्मचारीलाई विभागीय कारबाही गर्ने भएको छ। संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयले सबै मन्त्रालय, आयोग, सचिवालय, कार्यालय, प्रदेश कार्यालय र स्थानीय तहलाई एक परिपत्र जारी गर्दै सरुवा, पदस्थापन, कामकाज तथा काजमा खटाइएका र काज फिर्ता गरिएका कर्मचारीहरूले रमाना नलिई बसेको खण्डमा कारबाही गर्ने चेतावनी दिएको हो।

सरुवा, पदस्थापन, कामकाज तथा काजमा खटाइएका र काज फिर्ता गरिएका कर्मचारी वर्षौंसम्म पनि आफूखुसी बस्न थालेपछि मन्त्रालयले विभागीय कारबाहीको तयारी थालेको हो। रमाना भएका तर तोकिएको ठाउँमा नजाने कर्मचारीलाई उपलब्ध गराएको सेवा, सुविधा र पारिश्रमिक सम्बन्धित कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखबाटै असुल गरिने समेत उक्त परिपत्रमार्फत मन्त्रालयले जनाएको छ।

यस्तै सरुवा भएको सात दिनभित्र रमाना लिई नगए निजामती सेवा नियमावली, २०५० को नियम ६८ बमोजिम विभागीय सजाय गरिने जनाइएको छ। हालसम्म सरुवा, पदस्थापन, कामकाज, काजमा खटाइएका र काज फिर्ता गरिएका कर्मचारीलाई निजामती सेवा नियमावली, २०५० को नियम ४० बमोजिम रमाना दिएर सात दिनभित्र उक्त जानकारी मन्त्रालयमा गराउन उक्त परिपत्रमार्फत भनिएको छ।

मन्त्रालयको निर्णय कार्यान्वयन नगर्ने/नगराउने विभागीय प्रमुख, कार्यालय प्रमुख र सम्बन्धित कर्मचारीलाई समेत निजामती सेवा ऐन, २०४९ को दफा ६० (क) बमोजिम विभागीय सजायसम्बन्धी कारबाही गरिने मन्त्रालयले जनाएको छ।

# रहेनन् जनआन्दोलनका घाइते कायस्थ राष्ट्रिय सम्मानसहित अन्त्येष्टि




**काठमाडौं/मस**-दोस्रो जनआन्दोलनमा घाइते भई बुधबार साँझ उपचारका क्रममा निधन भएका बनेपाका ३२ वर्षीय मुकेश कायस्थको बिहीबार राष्ट्रिय सम्मानसहित अन्त्येष्टि गरिएको छ। कायस्थको नेवारी परम्पराअनुसार उग्रतिर्थेश्वर घाटमा दाहसंस्कार गरिएको हो। बनेपा नगरपालिका-८ का कायस्थको शव बिहीबार बिहान ११ देखि दिउँसो २ बजेसम्म श्रद्धाञ्जलि अर्पणका लागि बनेपा नगरपालिका कार्यालयको प्राङ्गणमा राखिएको थियो।

कायस्थको निधनप्रति श्रद्धाञ्जलि व्यक्त गर्न संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदी, स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेत, नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा, सांसदद्वय गोकुलप्रसाद बाँस्कोटा र सूर्यमान दोङ, बागमती प्रदेशसभा सदस्यद्वय कञ्चनचन्द्र वादे र लक्ष्मण लम्साल, गृह मन्त्रालयका सचिव दिनेश भट्टराईलगायत जिल्लास्थित राजनीतिक दलका नेता, कार्यकर्ता उपस्थित थिए।

सो अवसरमा मन्त्री मोदीले मुकेशलाई शहीद घोषणा गर्ने प्रतिबद्धता जनाएका थिए।

दोस्रो जनआन्दोलनका क्रममा विसं २०६२ चैत २७ गते बनेपाको तीनदोबाटोमा सुरक्षाकर्मीको गोली लागी मुकेश घाइते भएका थिए। विसं २०४८ भदौ ९ गते जन्मिनुभएका मुकेश १७ वर्ष एक महिना अर्धचेत अवस्थामा जीवन बिताएका थिए। उनको स्वास्थ्यमा समस्या देखिएपछि गत सोमबार बनेपास्थित शिर मेमोरियल अस्पतालमा भर्ना गरिएको थियो। कायस्थको निधनप्रति दुःख व्यक्त गर्दै नगर तथा जिल्लास्थित सबै राजनीतिक दलले शोक विज्ञप्ति जारी गरेका छन्। मुकेशको निधनमा बनेपा नगरले बिहीबार सबै प्रकारको सेवा बन्द गरेको थियो।

## होटलका ग्राहकको छुरा हानेर हत्या



**धादिङ/मस**- धादिङको गल्छी गाउँपालिका-८ गल्छी नजिकै निबुवा बोटेमा सञ्चालित एक होटलमा खाजा खान आएका ग्राहकको छुरा प्रहार गरी हत्या गरिएको छ।

बुधबार बेलुका खाजा खान गएका गल्छी-८ कटलपौवाका २७ वर्षीय विनोद थापामगरलाई निबुवा बोटेस्थित 'सानदार होटल'का सञ्चालक २८ वर्षीय नीरज पण्डितले छुरा प्रहार गरी हत्या गरेका हुन्। आरोपितलाई रातिनै पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक धर्मजित थिङले जानकारी दिए।

खाजा खाएपछि होटल सञ्चालकसित पैसा तिर्नेबेला भनाभन भएको बताइएको छ। खाजा खाएको पैसा तिरेपछि बाँकी रकम फिर्ता लिनेक्रममा दुवै पक्षबीच झगडा भएको प्रहरीले जनाएको छ। घटनापछि पण्डित फारर भएका थिए। घाइते थापामगरको उपचारका क्रममा काठमाडौंको नर्भिक अस्पतालमा मृत्यु भएको हो। प्रहरीले पण्डित, उनकी आमा सरस्वतीसहित छ जनालाई पक्राउ गरेको छ। 'घटनाबारे अनुसन्धान भइरहेको छ', प्रहरी निरीक्षक थिङले भने। घटनापछि स्थानीयवासीले गल्छी-त्रिशूली सडकखण्ड बन्द गराएका थिए।

## अनाथ, असहायको स्थायित्वको जिम्मेवारी नगरपालिकाले लिने




**भक्तपुर/मस**- चाँगुनारायण नगरपालिकामा रहेका अनाथ तथा असहाय व्यक्तिको गाँस, बास तथा कपाससहितको स्थायित्वको जिम्मेवारी अब नगरपालिकाले लिने भएको छ।

यस क्षेत्रमा काम गर्दै आएको मानव कल्याण समाज (सेवा घर)को पाँचौं वार्षिकोत्सव कार्यक्रममा आज दीप प्रज्ज्वलन एवं आश्रित ५० जनालाई भोजन खुवाउँदै नगरपालिकाका प्रमुख जीवन खत्रीले स्थायित्वको जिम्मेवारी नगरपालिकाले लिने घोषणा गरेका हुन्।

नगरप्रमुख खत्रीले भने, 'यहाँ आउनु अगाडि रु आठ-दश लाख सहयोगको घोषणा गरौँला भनेर आएको थिएँ, तर यहाँको अवस्था देख्दा यसको स्थायित्व नै गरेर जानुपर्ने देखें, त्यसैले यसका लागि स्थायी भवन निर्माण गर्न आवश्यक जग्गा र भवन निर्माणको काम आउँदो वर्षबाटै सुरु हुने गरी आउँदो बजेटमा व्यवस्था गर्ने गरी अगाडि बढ्नेछौं, अब यसको स्थायित्वको जिम्मेवारी नगरपालिकाले लिन्छ।'

उनले आश्रममा रहेका ५० अनाथ असहायलाई भोजनको व्यवस्था गर्दै थप नौ हजार आर्थिक सहयोग प्रदान गरे। कार्यक्रममा चाँगुनारायण नगरपालिका-२ का वडाध्यक्ष सोम प्रधानले अनाथ, असहाय, सडक मानवको उद्धार गरी समाजमा पुनःस्थापना गर्ने र आश्रय दिने काम सहज नभएको भन्दै यस्तो पुण्य कामलाई सबैको सहयोग आवश्यक रहेको बताए।

मानव कल्याण समाजकी अध्यक्ष सुमित्रा चौलागाईंले आठ वर्षअघि सात जना सडक मानवलाई सडकमै गएर खाना खुवाएर शुरु गरिएको यो अभियान आजका दिनसम्म आइपुग्दा भक्तपुरसहित काभ्रे, काठमाडौं, दाङ र बाराका छ वटा शाखामा तीन सय ५० जनालाई उद्धार गरी व्यवस्थितरूपमा राखिएको बताइन्।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/११/०५ मा दर्ता भएको **प्रा.लि. नं. २३४७०८** को **माया मल्टीनेशनल एण्ड ट्रेडर्स प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**Kuwait मा महिला Waitress/Cleaner हरुलाई रोजगार**

**Al Manar United Restaurant Company W.L.L.**
पूर्व स्वीकृती मितिः २०८०/०१/०८ चलानी नं. ६०१८४५६३ LT No. :285155

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Waitress | 00 | 30 | काममा दक्ष | 125 | ५३,५५६।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८० वैशाख ३१ गते (14 May , 2023) यस प्रा. लि. को कार्यालय सामाखुसीमा हुनेछ।

**Al-Amana Security Company**
पुनः विज्ञापन। पूर्व स्वीकृती मितिः २०७९/१०/०४ चलानी नं. ६०१९६२७० LT No. : 279683

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner (Indoor) | 350 | 50 | काममा दक्ष | 90 | ३८,५६०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | Data Entry | 10 | 10 | | 130 | ५५,६९८।- | | | | | | | |

अन्तरवार्ता २०८० जेठ २, ४, र ५ गते (16, 18 & 19 May , 2023) यस प्रा. लि. को कार्यालय सामाखुसीमा हुनेछ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | निःशुल्क |

**Euro Asia H.R. Solutions Pvt. Ltd.**
Samakhushi, Kathmandu, Tel : 01-4980875, 4965521, 9851048235
9851042984, 9860111396, Email: myeuroasiahr@gmail.com
Govt. Lic: 1162/073/74

## जलेर निधन भएकाको सामूहिक दाहसंस्कार



**अर्घाखाँची/मस**- आगोले जलेर निधन भएका अर्घाखाँचीको भुमिकास्थान नगरपालिका ढाकाबाङ्गका चार जनाको सामूहिक दाहसंस्कार गरिएको छ।

खाकाबैंसीको बघमारे घाटमा सो सामूहिक दाहसंस्कार गरिएको भुमिकास्थान नगरपालिका-१ का वडाध्यक्ष गोपाल खनालले बताए। भुमिकास्थान नपा-२ ढाकाबाङ्गमा आगो निभाउने क्रममा घाइते भएका चार जनाको उपचारका क्रममा मृत्यु भएपछि सिंगो तिरतिरे गाउँ शोकमा डुबेको छ।

मंगलबार दिउँसो भुमिकास्थान नगरपालिका-२ तिरतिरे गाउँमा सल्किएको आगो निभाउने क्रममा घाइते भएका एकै गाउँ बेल्वासे टोलका चारै जनाको मृत्यु भएको थियो। घाइतेलाई जिल्ला अस्पताल सन्धिखर्कमा उपचारपछि थप उपचारका लागि मिसन अस्पताल पाल्पा सिफारिस गरिएको थियो। पाल्पामा उपचार हुन नसकेपछि काठमाडौं सिफारिस गरिएकामा उपचारका लागि लैजाँदै गर्दा केहीको बाटोमा र केहीको उपचारका क्रममा काठमाडौंमा मृत्यु भएको थियो।

आगलागीमा परी घाइते भएका भुमिकास्थान-२ तिरतिरे गाउँका ७२ वर्षीय पिताम्बर बेल्वासेको उपचारका लागि लैजाँदै गर्दा पाल्पाको रामपुरमा, ५५ वर्षीय पदम बेल्वासेको नारायणघाट नजिकै र ५२ वर्षीय घनश्याम बेल्वासेको काठमाडौं कीर्तिपुरको बर्न अस्पतालमा र ३६ वर्षीय माधव वेल्वासेको उपचारका क्रममा सोही अस्पतालमा मृत्यु भएको हो। आगलागीमा परी घाइते भएकी २६ वर्षीया अस्मिता बेल्वासेको अवस्था सुधारोन्मुख छ। उनको पाल्पाको मिसन अस्पतालमा उपचार भइरहेको छ।

## गण्डकीमा मन्त्रालयको नयाँ कार्यविभाजन




**कास्की/मस**- गण्डकी प्रदेश सरकारले मन्त्रालयको कार्यविभाजन हेरेफेर गरेको छ। बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले गण्डकी प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ को नियम ८ अनुसार मन्त्रालयको नयाँ कार्यविभाजन गरेको हो। सरकारको उक्त निर्णय बिहीबार प्रदेश राजपत्रमासमेत प्रकाशित भइसकेको छ। यसअघिको कार्यविभाजन नमिलेको देखिएकाले हेरेफेर र समायोजन गरिएको सरकारका प्रवक्ता एवं बिनाविभागीय मन्त्री सरस्वती अर्याल तिवारीले बताए।

नयाँ कार्यविभाजनअनुसार आन्तरिक मामिला तथा कानुन मन्त्रालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गाभिएको छ। अबदेखि शान्ति सुरक्षा, विपद् व्यवस्थापन, प्रदेशसभा मामला, कानून, सञ्चार आदिको कार्यजिम्मेवार ासमेत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सम्हाल्नेछ।

कृषि तथा जलस्रोत मन्त्रालयले कृषि, पशुपक्षी, ऊर्जा, सिँचाइ र खानेपानी हेर्दै आएकामा अब ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय र कृषि तथा भूमि व्यवस्था मन्त्रालय छुट्टाछुट्टै रहने छ।

आर्थिक मामिला मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय भने यथावत कायम छन्।

अघिल्लो सरकारले मन्त्रालयको संख्या १२ बाट घटाएर सातमा झारेको थियो। नामअनुसार कार्यप्रकृति नमिल्दा यसअघि समायोजन भएका मन्त्रालयलाई कार्यसम्पादनमा जटिलता थपिएको थियो। मन्त्रालयको कार्यविभाजन हेरफेर भइसकेकाले अब सरकारले एक-दुई दिनमै पूर्णता पाउने प्रवक्ता तिवारीले बताए।

कांग्रेसले मुख्यमन्त्रीसहित चार, नेकपा (माओवादी केन्द्र)ले दुई र नेकपा (एकीकृत समाजवादी)ले एक मन्त्री पाउने जनाइएको छ।

यही वैशाख १४ गते कांग्रेस गण्डकी प्रदेश संसदीय दलका नेता सुरेन्द्रराज पाण्डे मुख्यमन्त्रीमा नियुक्त भएका थिए। उनले यही वैशाख २१ गते प्रदेशसभाबाट विश्वासको मत पाइसकेका छन्। साठी सदस्यीय प्रदेशसभामा कांग्रेसका २७, माओवादी केन्द्रका सात र नेकपा (एकीकृत समाजवादी)का एक गरी ३५ प्रदेशसभा सदस्यले उनलाई विश्वासको मत दिएका थिए।

हाल मन्त्रिपरिषद्मा मुख्यमन्त्री पाण्डेसहित बिनाविभागीय मन्त्रीका रूपमा माओवादी केन्द्रकी प्रदेशसभा सदस्य सुशीला सिम्खडा र कांग्रेसकी सरस्वती अर्याल तिवारी रहेकी छन्। मन्त्रालयको संख्या सातबाट नबढाइने प्रदेश सरकारले प्रष्ट पारेको छ।

**कुवेत र साउदीमा वैदेशिक रोजगारको अवसर**

१. कम्पनी: AMANKO SECURITY COMPANY शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०७९/०३/१२ चलानी नं.: ६०१८१८७८ LT. No.: 265754 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 6 | 0 | स. काममा दक्ष | 125 | ५३,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : BASMAT AL MOSANADH CO FOR SUPPORT SERVICE BRANCH शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०६/१० चलानी नं.: ६०१६३८७६ LT. No.: 246647 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 10 | 0 | स. काममा दक्ष | 1000 | ३४,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : ABDULLAH FAHAD AL MUTAIRI SUPPORT SERVICE CO. LTD शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०६/१८ चलानी नं.: ६०१६४७६५ LT. No.: 246888 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 12 | 0 | स. काममा दक्ष | 1000 | ३४,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी:ABDULLAH FAHAD AL MUTAIRI SUPPORT SERVICE CO. LTD शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०७८/०५/०८ चलानी नं.: ६०१६१८३६ LT. No.: 244351 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOR | 4 | 0 | स. काममा दक्ष | 1000 | ३४,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी:ABDULLAH FAHAD AL-MUTAIRI SUPPORT SERVICES COMPANY LTD शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०७८/०४/१५ चलानी नं.: ६०१६०८९७ LT. No.: 243310 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOR | 5 | 0 | स. काममा दक्ष | 1000 | ३४,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ ५ गते (19 May 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | साउदीको रु. १०,०००/- कुवेतको निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Link International Placement Service Pvt.ltd.**
LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
